# मलंगवा नगरपालिका
## मलंगवा नगरकार्यपालिकाको कार्यालय
## मलंगवा, सर्लाही
## मधेश प्रदेश,नेपाल
### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।०३।२४ मा प्रकाशित

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय कार्यक्रम हो । यो कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित छ । कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । यस कार्यक्रम अन्तर्गत सर्लाही जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न तथा मलंगवा नगरपालिकामा वैदेशिक रोजगार सम्बन्धी सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

| क्र. सं. | वि.नं. | पद | पद संख्या | न्यूनतम योग्यता तथा अनुभव |
|---|---|---|---|---|
| १ | ०१ | कार्यक्रम संयोजक | १ | मानवीकि तथा सामाजिक संकाय, व्यवस्थापन, कानून वा सम्वन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको विकास सम्बन्धी कार्यानुभव, कम्तीमा २ बर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| २ | ०२ | सामाजिक परिचालन अधिकृत | १ | न्यूनतम स्नातक तह उतिर्ण गरि कम्तिमा २ वर्ष सामाजिक परिचलनको क्षेत्रमा कार्य अनुभव भएको । बैदेसिक रोजगारको अनुभव भएको र सामाजिक परिचालन सम्बन्धि तालिम लिएकोलाई प्राथमिकता दिइनेछ । |
| ३ | ०३ | आप्रवासी स्रोत केन्द्र (परामर्शकर्ता) | २<br>(एक जना महिला अनिवार्य) | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनको क्षेत्रमा कम्ती ३ वर्षको कार्यानुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता प्राप्त तथा स्थानीय प्रचलित भाषा जानेकोलाई प्राथमिकता दिईनेछ । कम्तिमा एक जना महिला अनिवार्य हुनु पर्नेछ । |
| ४ | ०४ | मनोसामाजिक परामर्शकर्ता | १<br>महिलालाई प्राथमिकता | **सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श सम्बन्धी ६ महिनाको तालिम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:**<br>• कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको ।<br>**नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्था:**<br>नयाँ मनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालिम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ । जुन निम्नानुसार छ:<br>• मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ । |
| ५ | ०५ | वित्तीय साक्षरता सहजकर्ता | १ | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता, सहकारि वा बैंक\वित्तीय संस्थामा २ बर्षको अनुभव भएको, वित्तीय साक्षरता तथा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| ६ | ०६ | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ | न्यूनतम् कक्षा १० कक्षा पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभवी । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |

**थप योग्यता :** वि.नं. ०१, ०२, ०३, ०४ र ०५ सम्म कम्प्युटरको ज्ञान भएको ।

**कार्य अवधि:** हाललाई २०८० असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन मुल्यांकन अनुसार नवीकरण हुन सक्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

**आवेदन दस्तुर :** अधिकृत सरहलाई रु १००० (एक हजार मात्र), वि.नं. ०३, ०४ र ०५ लाई रु ६०० (छ सय मात्र) र वि.नं. ०६ लाई रु२५० (दुई सय पचास मात्र)।

**उमेरको हद :** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको महिलाको हकमा ४५ वर्ष ननाघेको ।

**परिक्षाको किसिम :** लिखित, अन्तवार्ता र प्रयोगात्मक

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित मलंगवा नगरपालिकामा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रिया:** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०७९।०४।०६ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत
मलंगवा नगरपालिका, सर्लाही
प्रमुख प्रशासकीय अधिकृत